# प्रेस विज्ञप्ती

## जेष्ठ ९ गते दरबारमार्गमा 'एक्सट्रीम स्याटर्डे': १९औं दरबारमार्ग स्ट्रिट फेस्टिभलको भव्य तयारी

काठमाडौं, नेपाल - काठमाडौँको मुटु दरबारमार्गको रौनक फेरि एकपटक फर्कने भएको छ । आगामी २०८३ जेष्ठ ९ गते (मे २३, २०२६) का दिन १९ औं दरबारमार्ग स्ट्रिट फेस्टिभल आयोजना हुने भएको छ । यस वर्ष 'एक्सट्रीम इनर्जी ड्रिङ्क' को मुख्य प्रायोजनमा यो उत्सवलाई 'एक्सट्रीम स्याटर्डे' (Xtreme Saturday) का रूपमा अझ ऊर्जावान् बनाइँदैछ ।

दरबारमार्ग विकास बोर्डको पहलमा माभरिक्स ग्रुप र आर्बिट्रेरी इभेन्ट्सद्वारा आयोजित यस महोत्सवले सबै उमेर समूहका दर्शकलाई भरपुर मनोरञ्जन दिने लक्ष्य राखेको छ । हरेक वर्ष झैँ स्ट्रिट फेस्टिवलको भरपुर मजा निःशुल्क लिन पाइनेछ ।

महोत्सवका मुख्य आकर्षणहरू:

- पारिवारिक मनोरञ्जनः बालबालिकाका लागि विभिन्न खेलहरू, ३x३ बास्केटबल, इ-स्पोर्ट्स, सांस्कृतिक झाँकीहरू, Cosplay र फोटो बुथहरू ।
- खाना र परिकारः विभिन्न स्वादका खानाका स्टलहरू र रिफ्रेसिङ पेय पदार्थहरू।
- सांगीतिक माहोलः मुख्य स्टेजका साथै सहायक स्टेजमा डिजेहरूको धमकेदार प्रस्तुति रहनेछ।

प्रमुख कलाकारहरू:
यस पटकको सांगीतिक साँझलाई तताउन चर्चित कलाकार तथा ब्याण्डहरूको उपस्थिति रहनेछन :

- जोन एण्ड द लोकल्स (John & The Locals)
- द एक्स (The Axe)
- फोल्कट्रोनिक्स (Folktronics)
- एस टी म्यान (क्त :बल)
- जे अथर (Jay Author)
- सालिन मगर एण्ड ब्याण्ड (Salin Magar & Band)
- प्रिजोल नेपाली एण्ड सरर (Preezol Nepal & Sarara)
- गन एल्भिस (Gone Elvis)

कार्यक्रमलाई लोकप्रिय प्रस्तोताहरू रेमन दास श्रेष्ठ , रुविष्का श्रेष्ठ, सुदित श्रेष्ठ र सलिना महर्जनले सञ्चालन गर्नेछन् ।

'एक्सट्रीम स्याटर्डे' महोत्सव काठमाडौंको सांस्कृतिक र पर्यटकीय पहिचान बनिसकेको दरबारमार्ग स्ट्रिट फेस्टिभलले एकता र खुसी साटासाट गर्ने माध्यम प्रदान गर्दै आएको छ । एक्सट्रीम इनर्जी ड्रिङ्कको साथले यस वर्षको 'एक्सट्रीम स्याटर्डे' अहिलेसम्मकै सबैभन्दा उत्साहजनक र यादगार हुने आयोजकको विश्वास छ ।

थप जानकारीका लागि सम्पर्कः माभरिक्स ग्रुप प्रा. लि. / आर्बिट्रेरी इभेन्ट्स प्रा. लि.
फोनः ९८०२१००२७५ / ९८२३३८८६३७